# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ )जनकपुरधाम,नेपाल,फागुन २ गते,२०७९साल (संख्या ३

भाग ३

## मधेश प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७९

प्रदेश दुग्ध विकास बोर्ड (स्थापना र सञ्चालन) ऐन, २०७७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश दुग्ध विकास बोर्डले मधेश प्रदेश सरकारको स्वीकृति लिई यो विनियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम "प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७९" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिमको पदाधिकारी सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र दफा ११ को उपदफा (१) बमोजिम नियुक्ती भएको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७७ सम्झनु पर्छ ।

(घ) "निर्देशक" भन्नाले ऐनको दफा १३ को उपदफा (१) बमोजिम तोकिएको निर्देशक सम्झनु पर्छ ।

(ङ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मधेश प्रदेश सम्झनु पर्छ ।

(छ) " सदस्य" भन्नाले ऐनको दफा ५ बमोजिम गठित प्रदेश दुग्ध विकास बोर्डको सदस्य सम्झनु पर्छ।

३. **बोर्डको कोषः** (१) ऐनको दफा ९ को उपदफा (४) बमोजिम बोर्डको कोषबाट खर्च गर्दा बोर्डले बार्षिक कार्यक्रम तथा बजेट बनाई बोर्डबाट स्वीकृत गराई खर्च गर्न सक्नेछ ।

(२) कोषमा जम्मा भएको रकम मध्ये आंसिक वा पुरै रकम कुनै आर्थिक बर्षमा खर्च नभइ आर्थिक बर्षको अन्तमा बाकी रहेमा त्यस्तो रकम फ्रिज नभइ कोष मै अविच्छिन्न रहने छ ।

(३) बोर्डका पदाधिकारीहरुको पारश्रमिक तथा सेवा सुविधामा हुने खर्च समेत ऐनको दफा ९ बमोजिमको बोर्डको कोषबाट हुनेछ ।

(४) कोषको खाता प्रदेश लेखा नियन्त्रक कार्यालयमा हुनेछ ।

(५) कोषको सञ्चालन बोर्डको निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(६) कोषको आम्दानी र खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(७) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षाकबाट हुनेछ ।

४. **छनौट समिति सम्वन्धी व्यवस्थाः** (१) मन्त्रालयले ऐनको दफा ११ को उपदफा (३) बमोजिम छनौट समिति गठन गर्दा देहायको क्षेत्रबाट सिफारिस गर्नुपर्नेछः-

(क)सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - संयोजक

(ख)सचिव वा निजले तोकेको रा.प.द्वितिय श्रेणी वा सो सरहका कर्मचारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय - सदस्य

(ग)सचिव वा निजले तोकेको रा.प.द्वितिय श्रेणी वा सो सरहका कर्मचारी, कानून न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय - सदस्य

(घ) मन्त्रालयले मनोनयन गरेको दुग्ध विकास सम्बन्धी विज्ञ एक जना - सदस्य

(ङ)प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य-सचिव

(२) उपविनियम (१) बमोजिमको समितिमा आवश्यक्ता अनुसार बढीमा २ जनालाई विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपविनियम (१) बमोजिमको समितिले मूल्यांकनका आधारहरु आफै निर्धारण गर्नेछ।

(४) उपविनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) सूचना प्रकाशन गरि दरखास्त आव्हान गर्ने,

(ख) कार्ययोजना सहितको विस्तृत कार्यपत्र पेश गर्न लगाउने,

(ग) कार्यपत्र प्रस्तुतिकरण गर्न लगाउने,

(घ) प्रस्तुत भएको कार्यपत्रको मूल्यांकन गरि सिफारिस गर्ने ।

(५) उपविनियम (४) को खण्ड (क) बमोजिमको सूचना प्रकाशन गर्दा ऐनको दफा ११ को उपदफा (४) मा उल्लेख

भएको योग्यता , सम्बन्धित क्षेत्रमा काम गरिरहेको अनुभवको प्रमाण समेत सूचनामा खुलाई आवेदन मांग गर्नुपर्नेछ ।

(६) दुग्ध वा दुग्ध व्यवसायसँग सम्बन्धित सरकारी, सहकारी संघ संस्था, अर्धसरकारी, गैर सरकारी र निजी क्षेत्रमा काम गरिरहेका व्यक्ति उपविनियम (५) वमोजिमको आवेदन दिन योग्य मानिनेछ ।

(७) उपविनियम (१) बमोजिम गठित छनौट समितिले मूल्यांकन गरि सबैभन्दा योग्य देखिएका तीन जनाको नाम वर्णानुक्रम अनुसार विभागीय मन्त्री समक्ष सिफारिस गर्नुपर्नेछ ।

(८) उपविनियम (७) बमोजिम सिफारिस भएका, उम्मेदवारहरु मध्येबाट विभागीय मन्त्रीले एक जनालाइ उपाध्यक्ष पदमा नियुक्त गर्नेछ ।

५. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकारः</u> (१) ऐनको दफा १२ को उपदफा (१) मा उल्लिखत काम, कर्तव्य र अधिकारका अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यकारी प्रमुखको हैसियतले बोर्डको नीति, रणनीति तयार गरी भावी मार्गदर्शन एवं कार्ययोजना स्वीकृतिका लागि बोर्डमा पेश गर्ने,

(ख) दुग्ध विकास बोर्डसँग सम्बन्धित अन्य कार्य गर्नु परेमा बोर्डको सिफारिसमा विभागीय मन्त्रीको स्वीकृत लिई सम्पादन गर्ने ।

६. <u>निर्देशकको काम, कर्तब्य र अधिकारः</u> ऐनको दफा १४ को उपदफा (१) मा उल्लिखित काम कर्तव्य र अधिकारको अतिरिक्त निर्देशकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको आदेशानुसार बोर्ड बैठक बोलाउने ।

(ख) बैठकबाट पारित निर्णयहरु सम्बन्धित सबैलाई जानकारी गराउने ।

(ग) बोर्डबाट सम्पादित कार्यहरुको अनुगमन निरीक्षण गर्ने ।

(घ) बोर्डको सम्पत्तिको जिम्मा, त्यसको लगत संरक्षण, बरबुझारथ एवं अभिलेख व्यवस्थापन गर्ने।

(ङ) बोर्डका कर्मचारीहरुको जिम्मेवारी तोकी कामको सुपरीवेक्षण एवं मूल्यांकन गर्ने ।

(च) बोर्डले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

७. <u>निर्देशकको सुविधाः</u> निर्देशकलाई आवश्यक पर्ने सवारी साधन, इन्धन, सञ्चार महशुल एवं आवास लगायत अन्य सेवा सुविधा बोर्डले निर्णय गरे बमोजिम हुनेछ ।

८. <u>बोर्डको कर्मचारीः</u> (१) बोर्डको कर्मचारी संगठन संरचना अनुसूची - १ बमोजिम हुनेछ ।

(२) बोर्डको कार्य सञ्चालनको लागि अनुसूचि - २ बमोजिमका आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ ।

(३) प्रदेश दुग्ध विकास बोर्डको स्वीकृत दरबन्दी अनुसारका कम्प्युटर अपरेटर, हलुका सवारी चालक र कार्यालय

सहयोगी पदहरुमा मन्त्रालयले स्थायी कर्मचारीबाट खटाउन नसक्ने भएमा बोर्डले करारमा नियुक्ति गर्न सक्नेछ ।

९. <u>बोर्डको खाता सञ्चालन तथा लेखाः</u>(१) बोर्डको खाता सञ्चालन निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) बोर्डको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

१०. <u>सुविधा उपलब्ध गराउनेः</u> बोर्ड बैठक, समिति बैठक लगायत कार्यालय सञ्चालनका लागि आवश्यक बैठक भत्ता, मसलन्द लगायतका प्रशासनिक खर्चहरु बोर्डबाट उपलब्ध गराइनेछ ।


११. <u>संशोधन तथा परिमार्जनः</u> बोर्डले प्रदेश सरकारको स्वीकृतिमा आवश्यकता अनुसार यस विनियमावलीमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

१२. <u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः</u> यस विनियमावलीको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यकता अनुसार आन्तरिक कार्यविधि, मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

अनुसूची-१

(विनियम ८ को उपविनियम (१) सँग सम्बन्धित)

**प्रदेश दुग्ध विकास बोर्डको संगठनात्मक संरचना**



अनुसूची-२

(विनियम ८ को उपविनियम (२) सँग सम्बन्धित)

प्रदेश दुग्ध विकास बोर्डको दरबन्दी तेरिज

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा | समुह/ उपसमुह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्देशक | अधिकृतस्तर नवौं/दशौं | कृषि | ला.पो. एण्ड. डे.डे./ भेटेरिनरी | १ | |
| २ | पशु विकास अधिकृत | अधिकृतस्तर सातौं/आठौं | कृषि | ला.पो. एण्ड. डे.डे. | २ | |
| ३ | प्रशासन शाखा प्रमुख | अधिकृतस्तर पाचौं/छैठौ | प्रशासन | सामान्य प्रशासन | १ | |
| ४ | लेखा शाखा प्रमुख | अधिकृतस्तर पाचौं/छैठौ | प्रशासन | लेखा | १ | |
| ५ | पशु सेवा प्राविधिक | सहायक स्तर पाँचौ/छैठौं | कृषि | ला.पो. एण्ड.डे.डे. | २ | |
| ६ | कम्प्युटर अपरेटर | सहायक स्तर पाँचौ/छैठौं | विविध | विविध | १ | |
| ७ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियिरङ्ग | मेकानिकल | २ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | २ | |
| | **जम्मा** | | | | १२ | |

नोटः बोर्डले कानुन सम्बन्धी राय परामर्श तथा अन्य सहयोग मन्त्रालयको कानुन अधिकृतबाट लिनुपर्नेछ।

आज्ञाले,

डा. नम्रता सिंह

प्रदेश सचिव

भूमि व्यवस्था. कृषि तथा सहकारी मन्त्रालय



कानन.न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय.मधेश प्रदेश बाट प्रकाशित